नौमूले गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
नौमूले, दैलेख

कर्णाली प्रदेश, नेपाल

प.सं. ०७७।०७८ | च.नं. | मिति:२०७७।०४।१६

## सुचना। सुचना॥ सुचना॥।

### न्युनतम रोजगारीमा संलग्न हुनका लागी निवेदन दिने वारे सुचना

रोजगारीको हक सम्वन्धि ऐन, २०७५ को दफा ११, रोजगारीको हक सम्वन्धि नियमावली, २०७५ को नियम ७ र प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा १८ बमोजिम आ.व. २०७७।७८ का लागी स्थानिय तह मातहत रहेका रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने १०० दिन वरावरको न्युनतम रोजगारीमा संलग्न हुन ईच्छुक वेरोजगार व्यक्तिहरुले २०७७।०४।१६ देखि २०७७।०५।०७ सम्म आफुले स्थायि वसोवास गरेको स्थानिय तहको सम्वन्धित वडा कार्यालयमा वेरोजगार व्यक्तिहरुको सुचिमा सुचिकृत हुन निवेदन दिनुहुन यो सुचना प्रकाशित गरिएको छ। निवेदनको ढाचा प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका २०७५ को अनुसुचि १ वमोजिम वडा कार्यालयमा पाउन सकिने छ।

साथै यस सम्वन्धि अन्य विस्तृत जानकारी प्रधानमन्त्री रोजगार कार्यक्रमको वेवसाईट www.pmep.gov.np बाट प्राप्त गर्न सकिने छ।

**निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु**

१. निवेदकको नागरिकताको स्पष्ट देखिने प्रतिलिपि

२. निवेदकको हालसालै खिचेको १ प्रति फोटो

३. फोन नं., वार्षिक पारिवारिक आय र काम गर्ने समय अनिवार्य रुपमा भर्नुपर्नेछ।

४. फारममा भएको पारिवारीक विवरणमा निवेदक सहित परिवारका सम्पूर्ण सदस्यहरुको नाम, जन्ममिती, नागरिकता नं., जारि मिति, जारि जिल्ला, शैक्षिक योग्यता, सिफ रोजगारीको अवस्था आदि विवरण अनिवार्य रुपमा भर्नुपर्नेछ।

५. परिवारका कुनै सदस्यले सामाजिक सुरक्षा भत्ता तथा अन्य (पेन्सन), कुनै सेवासुविधा पाएको विवरण अनिवार्य रुपमा भर्नुपर्नेछ।

६. साथै निवेदक कुनै किसिमको रोजगारमा संलग्न नभएको हुनुपर्नेछ।

७. उमेर १८ देखि ५९ वर्ष सम्मको हुनुपर्नेछ।

८. निवेदन फारम वडा अध्यक्ष बाट प्रमाणित हुनुपर्नेछ।

..................................

भुपेन्द्र शाही

(नि.प्रमुख प्रशासकिय अधिकृत)

नि.प्रमुख प्रशासकीय अधिकृत

नोट:- तपशिलका विवरण अपुर्ण भएमा फारम रद्द गरिनेछ। साथै थप जानकारीका लागि रोजगार सेवा केन्द्रमा सम्पर्क गर्न सकिनेछ।



Website: naumulemun.gov.np Email: naumulegapa@gmail.com
सम्पर्क अध्यक्ष: ९८०२५४५८५० उपाध्यक्ष: ९८०२५४५८६० प्रप्रअ: ९८०२५४५८७० प्रशासन: ९८०२५४५८७५ लेखा: ९८०...